सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

कार्यपालिका बैठक निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३ साल साउन ११ गते [illegible] सोमबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८३/०८४ को पहिलो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

## उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | नि प्रमुख प्रशासकीय अधिकृत | |
| १६ | भावना पराजुली | प्रशासन सहायक | |
| १६ | मणि कुमार राई | | |

### प्रस्तावहरु

प्रस्ताव नं १: बार्षिक समिक्षा सम्बन्धमा।

प्रस्ताव नं २: सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा।

प्रस्ताव नं ३: विपद व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं ४: सरुवा सहमती प्रदान सम्बन्धमा।

प्रस्ताव नं ५: जस्तापाता माग सम्बन्धमा।

प्रस्ताव नं ६: बजेट माग सम्बन्धमा।

CamScanner

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित योजना तथा कार्यक्रमहरू प्रायःसन्तोषजनक रूपमा कार्यान्वयन भएको पाइयो । साथै, उक्त योजना तथा कार्यक्रमहरूको प्रगति, उपलब्धि, चुनौती तथा सिकाइहरूको समग्र समीक्षा गर्न मिति २०८३।०४।२१ गते वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाबाट हालसम्म घुम्ति सेवामार्फत प्रदान हुँदै आएका सामाजिक सुरक्षा भत्ता नवीकरण, व्यक्तिगत घटना दर्ता तथा वडाबाट प्रवाह हुने विभिन्न सार्वजनिक सेवाहरूलाई नागरिकको पहुँचमा सहज, छिटोछरितो तथा प्रभावकारी रूपमा उपलब्ध गराउने उद्देश्यले तपशिल बमोजिमका मिति, स्थान, समय तथा खटिने जनप्रतिनिधि एवं कर्मचारी तोकी घुम्ति शिविर सञ्चालन गरी सेवा प्रवाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | शिविर सञ्चालन हुने स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | खाँदबारी | २०८३।०४।२५ र २६ गते | |
| २ | ईटहरी | २०८३।०४।२७ र २८ गते | |
| ३ | काठमाण्डौं | २०८३।०५।०१ गते देखि ०३ गते सम्म | |

उक्त शिविर सञ्चालनका लागि तपशिलका जनप्रतिनिधी तथा कर्मचारीहरु खट्ने ।

१.श्री भूपाल राज राई अध्यक्ष (समन्वय कर्ता)

२.श्री देविता राई उपाध्यक्ष

३.श्री गणेश राई १ नं. वडा अध्यक्ष

४.श्री मोहन शम्शेर राई २ नं. वडा अध्यक्ष

५.श्री प्रताप सिंह तामाङ ३ नं. वडा अध्यक्ष

६.श्री देबेन्द्र राई ४ नं. वडा अध्यक्ष

७.श्री ईश्वर राई ५ नं. वडा अध्यक्ष

**कर्मचारीहरु**

१.श्री रमेश राई एम. आई. एस. अपरेटर/ संयोजक

२.खगेन्द्र बिक्रम घिमिरे १ नं. वडा सचिव

३.श्री नरेन्द्र राई खा पा स टे

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३।०३।१४ गते सिलीचोङ गाउँपालिका वडा नं. १ सिसुवाखोलामा गएको बाढी पहिरोका कारण व्यापक रूपमा भौतिक क्षति भई आवतजावत, आधारभूत सेवा प्रवाह तथा सामुदायिक स्वास्थ्य इकाईको सञ्चालनमा प्रतिकूल प्रभाव परेको, प्रभावित क्षेत्रका नागरिकलाई शीघ्र राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले आवतजावत सहज बनाउन सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्ने तथा अन्य आवश्यक कार्यहरूका लागि विपद

व्यवस्थापन शिर्षक अन्तर्गत आकस्मिक पुनर्लाभ कार्यक्रम शीर्षकबाट तपशिल बमोजिमका शीर्षकहरूमा बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपशिल**

| क्र स | शिर्षक | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सिम्बले देखि सामुदायिक भवन सम्म गोरेटो बाटो मर्मत योजना | १००००० | |
| २ | तेन्छोङ सामुदायिक ईकाइ आगन मर्मत योजना | ४०००० | |
| ३ | साम्तेल टोल खलाला गोरेटो बाटो मर्मत योजना | १००००० | |
| ४ | बेल्दो देखि बालकन्य आ बि सम्म गोरेटो मर्मत योजना | १००००० | |
| ५ | आईतबारे गोरेटो बाटो मर्मत योजना | १००००० | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत नायव सुब्बा श्री निराज खनालले आफ्नो घर घरपायक पर्ने पौवादुङमा गाउँपालिका भोजपुरमा सरुवा भई जानका लागि उक्त गाउँपालिकाको सहमती पत्र सहित निबेदन दिएको र श्री निराज खनाल यस कार्यालयमा कामकाज गराउन ब्यवहारिक नभएको हुदाँ निजलाई सरुवा सहमती दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८३।०३।१४ गते सिलीचोङ गाउँपालिका वडा नं. १ मा गएको बाढी पहिरोका कारण श्री कालिका माध्यमिक विद्यालयको भवनमा क्षति पुगेकाले तत्काल उक्त भवनबाट पठनपाठन सञ्चालन गर्न सम्भव नभएको कारण विद्यार्थीहरूको नियमित अध्ययन अध्यापनलाई निरन्तरता दिन अस्थायी टहरा निर्माण गरी विद्यालय सञ्चालन गर्न आवश्यक भएकोले यस कार्यालयका प्राविधिकबाट तयार गरिएको लागत अनुमान (स्टिमेट) बमोजिम आवश्यक बजेट उपलब्ध गराइदिन जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभामार्फत कोशी प्रदेश सरकार समक्ष माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. २ अन्तर्गत बाला–पाउखमटार–माक्सु–चेप्चेवा–कालीखोला क्षेत्रमा हालसम्म सडक निर्माण हुन नसकेको कारण स्थानीय नागरिकले सडक निर्माणको माग गर्दै आएको र उक्त सडक निर्माणका लागि सिलीचोङ गाउँपालिका वडा नं. २ मा आवश्यक बजेट उपलब्ध नभएको हुँदा स्थानीयवासीको आवतजावतलाई सहज, सुरक्षित तथा प्रभावकारी बनाउन मातृभूमि डेभलपमेन्ट प्रा. लि. लाई आफ्नो सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत कुनै बजेट कट्टी नगरी उक्त सडक निर्माण गरिदिन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।